नेपाल NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड

**NEPAL SBI BANK LTD.**

परिवर्तनशील नेपालको सर्वाधिक लोकप्रिय बैंक

# शाखा कार्यालयहरूका लागी घर वा भवन भाडामा उपलब्ध गराउने सम्बन्धमा:

प्रथमपटक प्रकाशित मिति २०७८/०५/१२

यस बैंकलाई बिभिन्न स्थानमा आफ्नो शाखा कार्यालयहरु स्थापना गर्न तपसिलमा उल्लेखित विवरण बमोजिमको घर लामो अवधिका लागि बहालमा लिन आवश्यक परेकाले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक घरधनीले यो सूचना प्रकाशित भएको मितिले २० दिनभित्र कार्यालय समय भित्र (सो दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन) तल उल्लेखित ठेगानामा आफ्नो शिलबन्दी प्रस्ताव पेश गर्नुहुन अनुरोध छ।

**बहालमा घर लिनचाहेको स्थानहरू :**

- सूर्यविनायक - जगाति रोड, वडा नं. ४, भक्तपुर नगरपालिका, भक्तपुर
- भैंसेपाटी चोक, वडा नं. २५, ललितपुर महानगरपालिका, ललितपुर
- स्वयम्भू (रिङ रोड एरिया) वडा नं. १५, काठमाडौं महानगरपालिका, काठमाडौं
- पुतलीसडक, वडा नं. २९, काठमाडौं महानगरपालिका, काठमाडौं
- बुढानिलकण्ठ, वडा नं. ३, बुढानिलकण्ठ नगरपालिका, काठमाडौं

नोट: यसै सम्बन्धमा मिति २०७८/०४/१७ मा अभियान दैनिकमा तथा मिति २०७८/०४/१८ मा कान्तिपुर दैनिकमा प्रकाशित सूचनामा भैंसेपाटी शाखा कार्यालयको सम्बन्धमा नख्खु वडा नं. २५, ललितपुर हुनुपर्नेमा भुलवश अन्यथा हुन गएकोमा यसै सूचनाद्वारा सच्चाईएको जानकारी गराउँदछौं।

**शिलबन्दी प्रस्तावमा खुलाउनुपर्ने विवरणहरू तथा संलग्न गर्नुपर्ने कागजातहरू :**

१. भवन निर्मित जग्गाको जग्गाधनी प्रमाणपत्र पूर्जाको प्रतिलिपि।

२. भाडामा दिन चाहेको भवन रहेको स्थानको पूर्ण विवरण, भवनको स्वीकृत नक्शा, भवन निर्माण सम्पन्न भएको प्रमाणपत्र र फोटो।

३. घरधनी र सम्पर्क व्यक्तिको नाम, ठेगाना तथा सम्पर्क टेलिफोन नम्बर।

४. प्रस्तावित भवनको मासिक भाडा रकम (कर सहित)।

५. प्रस्तावित भवनको बैंकलाई हस्तान्तरण गर्न सकिने मिति।

६. यदि प्रस्तावित भवन फर्म वा कम्पनीको नाममा दर्ता कायम रहेको भएमा निम्नलिखित कागजातहरू अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछः

- फर्म/कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलीपि
- आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र
- कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि
- कम्पनीको हकमा भवन भाडा दिने सम्बन्धी संचालक समितिको निर्णयको निर्णय उतार

७. यदि प्रस्तावित भवन भाडामा लिइएको जग्गामा निर्मित भएमा जग्गाधनी तथा भवन निर्माण गर्ने व्यक्ति /फर्म/कम्पनी बिचमा भएको सम्झौताको प्रतिलिपि।

**शर्तहरू:**

१. प्रस्तावित भवनहरुमा पानी, ढल, ३ फेज विद्युत तथा पर्याप्त पार्किङ्गको सुविधा सहित न्यूनतम ६ मिटर चौडाइको मोटर बाटोसँग जोडिएको हुनुपर्नेछ।

२. प्रस्तावित भवन सडक बिस्तार योजनामा नपरेको हुनुपर्नेछ।

३. प्रस्तावित भवन भुकम्प प्रतिरोधात्मक पिलर सिस्टमबाट बनेको पक्की भवन हुनुपर्नेछ र बैंक संचालन गर्न उपयुक्त हुनुपर्नेछ।

४. बहालमा दिन चाहेको घर वा भवनको बिमा गरिएको हुन पर्नेछ।

५. प्रस्तावित भवन शाखा कार्यालय संचालनार्थ घटीमा १० वर्षको लागि बहालमा उपलब्ध गराउनु पर्नेछ।

६. प्रस्तावित भवनको न्युनतम क्षेत्रफल १५००-१८०० वर्ग फिट हुनुपर्नेछ। साथै, भुई तला बाहेक अन्य तलाहरु भाडामा उपलब्ध गराउन चाहेको खण्डमा भुई तलामा ATM राख्नका लागि 10 ft x 12 ft को ए.टि.एम. कोठा (ATM ROOM) अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

७. बैंकलाई विद्युत आपूर्तीका लागी आवश्यक पर्ने जेनेरेटर राख्ने स्थान र सोको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार अनिवार्य रूपमा निःशुल्क उपलब्ध गराउनु पर्नेछ।

८. बैंकले घरभाडा भुक्तानी गर्दा प्रचलीत कानून अनुसार सम्पूर्ण कर (बहाल कर, स्थानिय निकायलाई भुक्तानी गर्नुपर्ने कर) कट्टी गरी बहाल रकम भुक्तानी गर्नेछ।

९. भुईतला तथा प्रथम तलालाई विशेष ग्राह्यता दिइने छ। निर्माण सम्पन्न भईसकेको घरलाई प्राथमिकता दिइने छ।

१०. घरधनीको निवेदन मात्र मान्य हुनेछ।

११. कुनै कारण समेत नदर्शाई प्रस्ताव अस्वीकृत गर्ने वा छनौटमा परेका प्रस्ताव उपर समेत पुनः नेगोसिएसन गर्ने सर्वाधिकार बैंकमा सुरक्षित रहने छ। यस सम्बन्धी पत्राचार उपर समेत कुनै कारवाही गरीने छैन।

१२. बैंकबाट कुनै प्रस्ताव स्वीकृत भएमा त्यस्तो स्वीकृत प्रस्तावका प्रस्तावक वा सम्पर्क व्यक्तिलाई सम्पर्क गरी बैंकले घरधनीसंग छुट्टै बहाल सम्झौता गरी प्रस्तावित घर वा भवन बहालमा लिने छ।

१३. इच्छुक घरधनीले पेश गर्नुपर्ने प्रस्ताव शिलबन्दी गरी खामको बाहिरि भागमा प्रष्ट रुपमा "..........(ठाउ उल्लेख गरी) शाखा कार्यालयको लागि घर भाडा प्रस्ताव" उल्लेख गरी सामान्य सेवा विभाग, नेपाल एसबिआई बैंक लि., प्रधान कार्यालय, केशरमहल, काठमाडौंको ठेगानामा पेश गर्नुपर्नेछ।

१४. म्याद नाघी प्राप्त हुन आएको प्रस्ताव उपर कुनै कारवाही अगाडी बढाइने छैन।

सामान्य सेवा विभाग, केशर महल, काठमाडौं, फोन नं. ०१-४४३५६१३